गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, तनहुँ

तनहुँ दमौली

प.स.२०८२/०८३
च.नं. २१९४

मिति : २०८३।०२।२०

विषय : वन पैदावार लिलाम विक्रीको सुचना वेभ साईटमा राखी दिनु हुन ।

श्री वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश पोखरा ।

श्री वन निर्देशनालय
गण्डकी प्रदेश पोखरा ।

प्रस्तुत विषयमा वन नियमावली, २०७९ को नियम २५ र गण्डकी प्रदेश वन नियमावली, २०८१ नियम ७२ मा व्यवस्था भए वमोजिम यस जिल्लाको खोरादी सामुदायिक वन उपभोक्ता समूह, शुक्लागण्डकी १०, तनहूँले स्वीकृत वन कार्ययोजना वमोजिम संकलन गरेको वन पैदावार व्यापारिक प्रयोजनका लागि सिलवन्दी वोलपत्रवाट लिलाम विक्रीको लागि सुचना प्रकाशित गरेको हुँदा उक्त सूचना तहाँ मन्त्रालय/निर्देशनालयको वेभ साईटका राखी दिनु हुन प्रकाशित सुचना यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा सादर अनुरोध छ ।

........................
(मनोज रानाभाट)
डिभिजनल वन अधिकृत

# खोरादी सामुदायिक वन उपभोक्ता समूह

शुक्लागण्डकी न.पा. १०, तनहूँ

## वन पैदावार वोलपत्रद्वारा लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति :- ०८३/०२/२०
(मध्यान्ह दैनिक राष्ट्रिय पत्रिका)

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८२/०८३ मा संकलन गरी घाटगद्धी गरिएको तपसिल बमोजिमको वन पैदावार हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा समूह वाहिर लिलाम प्रकृयाद्धारा बिकी वितरण गर्ने भनी समूहको निर्णय बमोजिम डिभिजन वन कार्यालय, तनहूंको च.नं. २१८६ मिति २०८३/०२/१९ को लिलाम सहमति पत्र अनुसार उक्त वन पैदावार लिलाम विकीको लागि प्रथम पटक यो २१ दिने सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आधारित सुचिकृत उद्योग वा फर्मलाई तपशिलका शर्तहरु पूरा हूने गरी गोप्य सिलबन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**तपसिल**

१) वन पैदावारको विवरण :

| वन पैदावारको | | | | | | | मूल्यांकन रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फिट) | न्युनतम मुल्य रु. ( मू.अ.कर वाहेक) | संकलन खर्च रु. | |
| १ | १ | खयर | हर्ट उड | - | १६८ | १८८.२० | २,६३,४८०/- | ९२,२१५/- | |
| २ | २ | साल | गोलिया | B | २ | ९.५६ | ८६०४/- | १,१२,९२०/- | |
| | | | ,, | C | ९० | ३१३.०८ | १,८७,८४८/- | | |
| | | **जम्मा** | – | – | ९२ | ३२२.६४ | १,९६,४५२/- | १,१२,९२०/- | |
| ३ | | साल | दाउरा | – | – | ६ चट्टा | ७२,०००/- | ५४,०००/- | |
| | | **लट २ को जम्मा** | | – | – | – | २,६८,४५२/- | १,६६,९२०/- | |

(२) बोलपत्र खरिद गर्ने, अन्तिम मिति, पेश गर्नुपर्ने अन्तिम मिति र समय तथा खोल्ने मिति र समय :

(क) वोलपत्र खरिद गर्ने मिति र समय : २०८३/०३/०९ गते दिनको ५ बजेसम्म ।

(ख) वोलपत्र पेश गर्ने मिति र समय : २०८३/०३/१० गते दिनको १२ बजेसम्म ।

(ग) बोलपत्र खोल्ने मिति र समय : २०८३/०३/१० गते दिनको २ वजे । उक्त दिन विदा परेमा सो को भोलिपल्ट हुनेछ ।

(३) बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस कामना सेवा बिकास वैंक लि दुलेगौंडामा रहेको खाता नं. ०१०००३००३७५७५८००००01 मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।

(४) वोलपत्र फारमको रु १०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, तनहूँबाट खरिद गर्न सकिनेछ। फाराम दस्तुर बैंक दाखिला गरि पेश गर्नुपर्नेछ।

(५) लिलाम विक्री हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्धिस्थानमा गई हेर्न सकिनेछ।

(६) लिलाममा भाग लिन ईच्छुक काष्ठ व्यवसायीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, काष्ठ व्यवसायीको प्रमाणपत्रको प्रतिलिपी, उद्योग सुचीकृत प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्दि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

(७) निर्धारित न्युनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८३/०३/१० गते दिनको २ बजे सम्वन्धित वोलपत्रदाता वा निजको प्रतिनिधी लगायतका साक्षीहरुको रोहवरमा खोलिनेछ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्नेछैन ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर, प्रदेश सेवा शुल्क र संकलन खर्च बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ । तोकिएको समयमा जम्मा नगरे धरौटी जफत गरी कमश अर्को बोलपत्र सदर गरिनेछ ।

(९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ

(१०) वोलपत्र पेश गर्ने र खोल्ने स्थान यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा हुनेछ ।

(११) वोलपत्र सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समुहमा रहेनेछ ।

(१२) माथि उल्लेखित शर्त पूरा नभई आएका बोलपत्रलाई मान्यता दिइने छैन ।

(१३) अन्य थप जानकारीको लागि समूहको कार्यलयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

(१४) यसमा कुनै कुरा वाझिएमा प्रचलित वन ऐन नियम वमोजिम हुनेछ ।

.....................
(सुन्दर प्रसाद मरासिनी)
अध्यक्ष